छोरी मण्डलीहरु स्थापित गरौं



पाष्टरीय तालीम पुस्तिका

५०

तालीम र वृद्धि

T&M ®

परमेश्वरको इच्छा अनुसार तपाईंको मण्डलीले अरु धेरै मण्डलीहरु जन्माउनको निम्ति प्रभुले यो अध्ययनलाई प्रयोग गरुन् भनी प्रार्थना गर्नोस् ।

हरेक मण्डलीले स्वाभाविक ढङ्गमा छोरी मण्डलीहरु स्थापित गर्नु पर्ने हो । यदि वरिपरि कतै सुसमाचार प्रचार भएको छैन भने, तब त्यस क्षेत्रमा मिसनेरीहरु पठाउनु होस् ।

एक छोरी मण्डली स्थापित गर्नको लागि के के गर्नु पर्ने हो भनी तल केही क्रियाकलापहरु दिइएका छन् । कृपया गरी प्रेरित १० अनि ११:१-१८ अहिल्यै पढ्नोस्, जसको आधारमा यी क्रियाकलापहरु तयार पारिएका छन् ।

परमेश्वरले हेर्नु हुने जस्तै गरी कार्यक्षेत्रलाई हेर्नोस् अनि जहाँ तपाईंको असल चिनारुहरु छन् त्यहाँ पहिले जानुहोस् ।

सात जना विश्वासीहरुको एक टीम (६ जना जोप्पाबाट अनि एक जना प्रेरित पत्रुस यरुशलेमबाट) सिजरिया गए अनि एक छोरी मण्डली स्थापित गरे (प्रेरित १०)। यो वास्तवमा यरुशलेमको मण्डलीको नातिनी मण्डली थियो । यो प्रोजेक्ट पत्रुस र कर्नेलियसको प्रार्थनाद्वारा शुरु भएको थियो । पर मेश्वरले नै पत्रुस र एक इटालियन कर्नेलियस बीचको यो सम्बन्धलाई गाँसिदिनु भएको थियो ।

हामी सबभन्दा पहिला सुसमाचार नपुगेका क्षेत्रमा जानेछौं, जहाँ परमेश्वरले नै व्यक्तिहरु (त्यस्ता मानिसहरु जोसँग मित्रता अथवा पारिवारिक सम्बन्धको कारण, हामी ढुक्कसँग बातचीत गर्नसक्छौं) तयार पारिदिनु भएको छ । यदि उनीहरुले पश्चाताप गरी विश्वास गर्दछन् भने, हामी उनीहरुलाई बप्तिस्मा दिन्छौं । यदि, त्यस क्षेत्रमा, उनीहरुले सुसमाचारप्रति रुची लिँदैनन् भने, हामीले अर्को क्षेत्र हेर्नु पर्दछ । (मत्ती १०:१४)

तल दिइएका खण्डमा, के के गर्नको निम्ति परमेश्वरले कर्नेलियसलाई आज्ञा गर्नुभयो रेखाङ्कित गर्नोस्:

"सिजरियामा कर्नेलियस नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए। तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय मान्थे। तिनले मानिसहरुलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना गर्थे। तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रुपले परमेश्वरका एउटा स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस!" भयभीत भएर तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्।" अनि उनले तिनलाई भने, "तिम्रा प्रार्थना र गरीबहरुलाई दिएका दान सम्झनाको रुपमा परमेश्वरको सामने पुगेका छन्। अब मानिसहरुलाई जोप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई बोलाइ पठाऊ। तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको किनारमा छ।"

“जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना नोकर हरुमध्ये दुइ जना र निर न्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त सिपाहीलाई बोलाए, र तिनीहरुलाई सबै कुरा बताएर जोप्पामा पठाए ।”
(प्रेरित १०:१-८)

त्यो कप्तान कर्नेलियस परमेश्वरको डर राख्ने, अनि आज्ञाकारी व्यक्ति थिए । तर उसले येशूलाई चिनेका थिएन ।

उसले कसलाई जोप्पाबाट बोलाएर ल्याउनु पर्ने हो ?

हाम्रो अनुभवमा स्वाभाविक भन्दा फरक भए तापनि, हाम्रो निम्ति परमेश्वरको इच्छाप्रति हामी खुल्ला हुनुपर्छ ।

परमेश्वरले कर्नेलियसको प्रार्थना सुन्नुभयो किनकि उनी यस्ता व्यक्ति थिए:

☐ सैन्य निपुणता भएको ।

☐ प्रार्थना गर्ने ।

पत्रुसले पनि प्रार्थना गरिरहेकै बेला परमेश्वरले उसको व्यवहारलाई बद्लाइदिनुभयो । सानैदेखि उसलाई यही सिकाइएको थियो कि उनी एक यहूदी भएर एक अन्यजाति (अयहूदी) व्यक्तिलाई उसले भेट्नु हुँदैन । यदि परमेश्वरले उसबाट पूर्वाग्रह ननिकालिदिनु भएको भए, उनी सिजरिया कहिल्यै जाने थिएनन् । (प्रेरित १०:२८-२९)



तलका खण्डमा रेखाङ्कित गर्नोस्:

१. स्वर्गबाट आएको स्वरले के गर्नको निम्ति पत्रुसलाई अह्रायो,

२. पत्रुसको विरोध,

३. पत्रुसको विरोधको उत्तर ।

"भोलिपल्ट तिनीहरु आफ्नो यात्रामा त्यस शहरको नजीक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले । तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरुहरुले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए । तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे । त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरु थिए । तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ ।"

"तर पत्रुसले भने, 'होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ ।' त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, 'परमेश्वरले जे शुद्ध गर्नुभएको छ

त्यसलाई तिमी अपवित्र नठान ।' तीन पल्टसम्म यस्तो भयो, र तुरन्तै त्यो तन्ना स्वर्गतिर लगियो ।"

(प्रेरित १०:९-१६)

अन्यजातिहरुप्रति पत्रुसमा भएको विचारलाई परिवर्तन गर्न पर मेश्वरले के गर्नुभयो ?

अरु संस्कृतिका मानिसहरुप्रति सहानुभूति हुनबाट रोक्ने हामीमा भएको पूर्वाग्रह, रीतिविधि अथवा चलनचल्तीमाथि विजय प्राप्त गर्न परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ । केवल पैसाको चिन्ता लिने अथवा तिनीहरुको चर्च भवन बनाउने धुन मात्र भएका मानिसहरुलाई छोरी मण्डली स्थापित गर्न, अथवा अरु ठाउँतिर मिसनेरीहरु पठाउने कुरा गर्दा त्यस्ता मानिसहरुले केवल गनगन गरेको देखिन्छ । त्यसैकारण हामी हाम्रा मण्डलीहरुलाई अझसम्म येशू ख्रीष्टको "सुसमाचार नपुगेका क्षेत्रहरु" बारे सिकाउने काम गर्दछौं ।

कुन चाहिँ सुसमाचार नपुगेका क्षेत्रहरुमा तपाईंसित सम्पर्कमा आएका व्यक्तिहरु छन् ?

तपाईंको मण्डलीबाट अरुहरुलाई पनि सहयोगको निम्ति भन्नु होस् ।

पत्रुस ६ जना विश्वासीहरु लिएर सिजरियामा सुसमाचार प्रचार गर्नलाई गए । (प्रेरित १०:२३, ११:१२)

येशू खीष्ट, अनि उहाँका प्रेरितहरु, कोही पनि सुसमाचार प्रचार गर्न एकलै गएनन् । टीमलाई अगुवाइ गर्न एक व्यक्ति छान्नु होस् । त्यो व्यक्तिले त्यस क्षेत्रको मानिसहरुलाई प्रेम

गर्नुपर्छ, त्यहाँको कामको जिम्मेवारी लिनुपर्छ अनि यसको निम्ति समय दिनुपर्छ ।

स्थानीय मानिसहरुलाई लिनुहोस् ।

प्रेरित १०:१७-२२ लाई फेरि पढ्नुहोस् । जब पत्रुस आफूले देखेको सपनाको कारण अन्योलमा परिरहेको बेला को आइपुगे ?

"तब तिनले तिनीहरुलाई भित्र बोलाएर तिनीहरुको सत्कार गरे ।"

(प्रेरित १०:२३)

पत्रुसले आज्ञा पालन गरे अनि टीमसित सिजरियातर्फ गए । जब परमेश्वरले तपाईंलाई पनि कतै जानको लागि बोलाउनु हुन्छ, महान आज्ञा पालन गर्नको खातिर के तपाईंले पनि कुनै

जाति अथवा संस्कृति विरुद्ध आफूभित्र भएको पूर्वाग्रहलाई बिर्सन तयार हुनुहुन्छ ?

☐ ज्यू, चाहन्छु ।

☐ अहँ, चाहन्न ।

किन ? _____

अरु नै संस्कृति भएका मानिसहरुलाई अंगाल्ने गरी परमेश्वर ले पत्रुसलाई तयार पार्नुभयो । हामीले पनि आफूलाई अर्कै संस्कृति अथवा सामाजिक झुण्ड भएकाहरुलाई ग्रहण गर्न आफैलाई तयार पार्नु पर्‍यो । त्यसो गर्दा, हामीले अनावश्यक रुपमा बाधा नपुर्‍याई बडो होशियारी बनी मानिसहरुलाई सुसमाचार पुर्‍याउन सक्छौं ।

कर्नेलियस जस्तै परमेश्वरलाई खोज्ने आदरणीय व्यक्तिलाई भेटाउनु होस्

पत्रुसले प्रचार गर्नको निम्ति कुनै भीडको चाहना राखेन, नता उसले कुनै सार्वजनिक क्याम्पेन गर्नको निम्ति सल्लाह दिए ।

“पर्सिपल्ट तिनीहरु सिजरिया आइपुगे । आफ्ना कुटुम्बहरु र घनिष्ठ मित्रहरुलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरुको बाटो हेरिरहेका थिए ।”

(प्रेरित १०:२४)

कर्नेलियसले कस-कसलाई निम्त्याएका थिए ?

केवल कर्नेलियसका कुटुम्बहरु अनि नजीकका मित्रहरु भेला भएका थिए । यदि इच्छुक परदेशीहरु आएका भए, प्रेम र भर ोसाको वातावरण गुम्ने थियो । परमेश्वरले तयार पार्नुभएका मानिसहरुलाई सुसमाचार सुनाउँदा, काम पनि छिटो गरी अघि बढ्छ !

हाम्रा चिनारुहरुलाई पहिला सुसमाचार सुनाउने काम शुरु गरौं । अरु मण्डलीका मानिसहरुलाई ल्याउने प्रयास गर्ने छैनौं । परमेश्वरले भेडा चोर्ने काम गर्न मनाही गर्नुहुन्छ । (रोमी १५:२०, २ कोरन्थी १०:१४-१६)

यदि हामीले घरका मुखियाहरुलाई पहिले भेट्ने प्रयास गर्दछौं भने, यसो हुने छैनः

नयाँ क्षेत्रहरुमा, हामी पुरुषहरुको माझमा अनि नयाँ परिवार हरुको माझमा नयाँ काम शुरु गर्नेछौं ।

स्पष्टसँग सुसमाचारलाई बुझाउने काम गरियोस्

हामी खीष्टको सुसमाचार घोषणा गर्नेछौं । कसरी खीष्ट हाम्रो निम्ति मर्नुभयो अनि बौरी उठ्नुभयो त्यसबारेमा, अनि पाप क्षमादान र पवित्र आत्माको वरदानबारे बुझाउने छौं । (लूका २४:४५-४८, प्रेरित २:३८, १ कोरन्थी १५:१-५)

पत्रुसले उसको प्रचारद्वारा मानिसहरुको ध्यान आफूतिर होइन, महिमित हुनुभएको खीष्टतर्फ खिँचेका थिए ।

"जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट गरी तिनका पाउ परी दण्डवत् गरे । तर पत्रुसले उनलाई यसो भन्दै उठाए, 'उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ ।"

(प्रेरित १०:२५-२६)

प्रेरित १०:३४-४३ पढ्नोस् । पत्रुसले केको बारेमा कर्नेलियसलाई प्रचार गरे ?

- ☐ उसको जीवनमा भएको महान परिवर्तन ।
- ☐ खीष्टको विजय ।

जब प्रेरितहरुले साक्षी दिए, उनीहरुले येशूको पुनरुत्थान र पापको क्षमादानबारे सधैं प्रचार गरे ।

केको आधारमा पत्रुसले तिनीहरुलाई येशू को हुनुहुन्छ भनी बताए ? (पद ३६)

परमेश्वरको शक्तिद्वारा कुन दुइ कुराहरु येशूले गर्नुभयो ? (पदहरु ३७-३८)

उहाँलाई के गरियो ? (पद ३९)

परमेश्वरले उहाँलाई के गर्नुभयो ? (पद ४०)

उहाँमा विश्वास गर्नेहरुले के पाए ? (पद ४३)

पत्रुस जस्तै, प्रभुले लूका २४:४७-४८ मा उल्लेख गर्नु भएअनुसार हामी कुन तीन कुराको निम्ति साक्षी हुनुपर्छ ।

- येशू को हुनुहुन्छ,
- हाम्रो निम्ति उहाँको क्रूसीकरण अनि पुनरुत्थान,
- पापको क्षमादान ।

प्रेरितहरुले जहिले पनि उनीहरुले प्रचार गर्दा मुक्तिको निम्ति तीन कुराहरु सिकाउँथे । प्रेरितका कर्महरुमा उनीहरुले सुसमाचार प्रचार गर्दा, तिनीहरुले सधै यिनै कुराहरुको बारेमा बोल्दथे:

☐ खीष्टको व्यक्तित्व ।

☐ उहाँको क्रूसीकरण अनि पुनरुत्थान ।

☐ पापको क्षमादान ।

☐ यी तीन कुराहरु ।

तलका उदाहरणहरुबाट यो कुरा प्रमाणित हुँदछ कि यी प्रेरितहरुले सुसमाचार प्रचार गर्दा यी कुराहरु सधैं समावेश गर्दथे ।

- पेन्तिकोसको दिनमा पत्रुसले तीन हजारलाई प्रचार गर्दा (प्रेरित २:१४-३९),

- सुलेमानको दलानमा पत्रुसले प्रचार गर्दा (प्रेरित ३:११-२६),

- पत्रुस र यूहन्नाले यहूदी काउन्सील, सभाघरको अघि प्रचार गर्दा (प्रेरित ४:८-१२),

- स्तिफनले उसको सन्देश भनिसक्नु पाएन, उनी मारिए ((प्रेरित ७),

- कर्नेलियसको घरमा पत्रुस (प्रेरित १०:३४-४३),

- पिसिडियाको एन्टियोकमा पावल (प्रेरित १३:१६-४१),

- एथेन्समा पावल, गिल्ला गराइद्वारा उसको प्रवचन छोटिएको छ (प्रेरित १७:१६-३४),

- पावल यहूदीहरुको अघि, होहल्लाद्वारा उसको प्रवचन छोटिएको छ (प्रेरित २२:१-२१),

- अग्रिपाको अघि पावल (प्रेरित २६:१-२९),

यी तीन आधारभूत सत्य कुराहरुलाई लिएर नै तिनीहरुले सधैं साक्षी दिन्थे । ती के के हुन् ?

१. ये_____ को हुनुहुन्छ ।

२. उहाँको मृत्यु र पु_____।

३. पापको क्ष_____।

हरेक मण्डली यी तीन सत्यताहरु सधैं घोषणा गर्नु पर्दछ ।

सुसमाचार प्रचार गर्नु भनेको कुनै "विशेष" ठूलो क्याम्पेन गर्नु भनेको मात्र होइन । नयाँ मण्डलीका विश्वासीहरुलाई पनि उनीहरुका आफन्तहरु अनि मित्रहरुलाई साक्षी दिने काम गर्न सिकाउनु होस् ।

"भाइ हो, म तिमीहरुकहाँ आउँदा, ठूला-ठूला कुराहरु र बुद्धिमा परमेश्वरका गवाहीको घोषणा गर्दै आइनँ । किनकि तिमीहरुसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुर ाबाहेक अरु केही नजान्ने नै मैले निश्चय गरेको थिएँ ।"

(१ कोरन्थी २:१-२)

प्रत्युत्तर गर्नेहरुको परिवर्तन निश्चित गर्नोस्

कर्नेलियसको घरमा जतिले सन्देश सुने उनीहरु परिवर्तित भए: *"पत्रुसले यी कुरा बोल्दा बोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। अन्यजातिहरुमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरु आश्चर्यचकित भए। किनकि अन्य भाषामा बोलेर तिनीहरुले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरुले सुने।"*

(प्रेरित १०:४४-४६)

कर्नेलियसको झुण्डले कहिले पवित्र आत्मा पाए ?

☐ जब तिनीहरुले सुसमाचारमा पहिलो चोटि विश्वास गरे ।

☐ धेरै महीनासम्म निर्देशन दिएपछि ।

कति पनि ढीलो नगरी पवित्र आत्माले नयाँ विश्वासीहरुलाई छाप लाउनु हुन्छ । (हेर्नोस् एफिसी १:१३, प्रेरित २:३८, कलस्सी २:११-१२, रोमी ८:११)

प्रेरितहरुले बप्तिस्मा दिनलाई ढीलो गरेनन्: *"तब पत्रुसले भने, 'हामीझैं पवित्र आत्मा पाउने यिनीहरुलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ ?"*

(प्रेरित १०:४७)

"अनि तिनले तिनीहरुलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे । तब तिनीहरुले पत्रुसलाई केही दिन त्यहीँ र हनुहोस् भनी अनुरोध गरे ।"

तिनीहरुलाई प्रोत्साहित गर्न अनि निर्देशन दिन तिनीहरु भर्खरै बप्तिस्मा पाएका विश्वासीहरुसँग केही दिन बसे ।

जसले ख्रीष्टलाई प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न इच्छा गरे तिनीहरुलाई प्रेरितहरुले तीन कुराहरु गर्नलाई अह्राए:

१. तिनीहरुको पापको पश्चाताप गर्नु, (प्रेरित २:३८)

२. येशू ख्रीष्टमा तिनीहरुको विश्वास स्वीकार गर्नु, (रोमी १०:९)

३. बप्तिस्माद्वारा तिनीहरुको विश्वास र पश्चातापलाई पक्का पार्नु । (प्रेरित २:४१)

परिवर्तन भएकाहरुको मुक्तिलाई प्रेरितहरुले यसरी निश्चित तुल्याए:

☐ एउटा प्रमाण पत्र दिएर ।

☐ बप्तिस्मा दिएर ।

जब नयाँ विश्वासीहरुले पश्चाताप गर्दछन्, हामीले उनीहरुलाई बप्तिस्मा दिनु पर्छ । यसरी हामी उसलाई उसको पाप क्षमा र हाम्रो प्रेमबारे निश्चयता दिलाउँछौं । (बप्तिस्माबारे तपाईंको मण्डलीको शिक्षा र व्यवहारलाई पछ्याउनु होस्)। बप्तिस्मा चाहिँ नयाँ विश्वासीको निम्ति नयाँ कदम हो, यसले उसको विश्वास अनि उनी पापबाट फर्केको कुरालाई निश्चयता दिलाउँछ । (प्रेरित २:३८, ८:३६-३८, २२:१६)

पश्चाताप भन्नाले देखिने पापहरु छोड्नु भन्ने मात्र बुझिन्न । साँचो पश्चातापले ता हृदयमा स्थायी परिवर्तन ल्याउँछ, जो चाहिँ प्रभुको आज्ञा पालनद्वारा प्रकट हुन्छ । हामीले नयाँ,

पश्चातापी, बप्तिस्मा लिएका विश्वासीहरुलाई चाँडै गरेर प्रभुभोजमा सहभागी हुने, प्रार्थना गर्ने अनि परमेश्वरको वचन अध्ययन गर्ने, उदारतासाथ दिने, सुसमाचार प्रचार गर्ने, अनि सबैभन्दा बढी प्रेम गर्ने कुराहरु सिकाउँछौं ।

के तपाईंले पनि यो आज्ञाकारिताबारे शुरुबाट सिकाउनु हुन्छ ? (प्रेरित २:३७-४७) _____

नयाँ अगुवाहरुले अघि बढाउन सक्ने प्रकारको मण्डली क्रियाकलाप अनि सेवाहरु शुरु गर्नोस्

विशेष गरी नयाँ गरी सुसमाचार सुनाइएका क्षेत्रहरुमा, प्रथम सभाहरु सरल हुनुपर्छ, ताकि स्थानीय सदस्यहरुले चाँडै तिनीहरुलाई अगुवाइ गर्न सकून् । सुसमाचारको निम्ति एकदमै नयाँ क्षेत्रहरुमा अनुभवी पाष्टरहरु हुँदैनन् ।

सकेसम्म छिटै, प्रभुभोजमा सहभागी हुँदा, नयाँ विश्वासीहरुले आराधना सेवालाई गम्भीर रुपमा लिन सिक्छन् अनि तिनीहरुले एक साथ भेला हुनुका फाइदाहरु जान्नेछन् ।

के शुरुका दिनहरुमा प्रेरितीय मण्डलीहरुले यसलाई घरिघरि पालन गर्ने गरेका थिए ? (हेर्नोस् प्रेरित २:४१-४२, २०:७)

नयाँ मण्डलीलाई प्रेममा मिलेर काम गर्न संयोजन गर्नु होस्

मण्डली ता खीष्टको देह हो । सबै एकसाथ प्रेममा काम गर्दछन् । सदस्यहरुले आ-आफ्ना वरदानहरु अनुसार आपसमा सहभागी बनेर एकाअर्कालाई सहयोग गर्दै विभिन्न सेवकाइहरु पूरा गर्दछन् ।

यो प्रेम अनि बलिदानलाई असल "संयोजन"द्वारा रमाइलो पारिएको हुन्छ । देहका विभिन्न भागहरु मिलेर काम गर्दछन् । मण्डलीको हरेक सदस्य देहको भाग (जस्तै मानव देहमा भएका आँखा, काम, खुट्टा, कलेजो, इत्यादि) जस्तै हो ।

राम्ररी व्यवस्थित गरिएको मण्डलीमा, कसरी काम गरिन्छ ?

☐ सबैले त्यही सेवकाइहरु गर्दछन् ।

☐ सबैले आ-आफ्नै सेवकाइ गर्दछन् ।

☐ केवल केही व्यक्तिहरुले मात्र प्रमुख सेवकाइहरु गर्दछन् ।

देहमा, सारा शरीरको भलाइको निम्ति हरेक अङ्गसँग आफ्नै वरदान हुन्छ । हामी सबै जनासँग त्यही वरदान अथवा त्यही सेवकाइ हुँदैन (१ कोरन्थी १२:४-१२), तर जोसित जेजति छन् ती सबै मण्डलीको जीवन र काममा संयोजित हुन्छन् ।

विभिन्न सेवकाइहरुलाई संयोजित गर्न, हामीलाई अति चाहिएको के हो:

☐ एक नामी अगुवा ।

☐ प्रेम ।

देहको संयोजनको आधार सदस्यहरुबीचको प्रेम हो । येशूले हामीलाई आज्ञा गर्नुभयो: *"एउटा नयाँ आज्ञा म तिमीहरुलाई दिँदछु: तिमीहरु एक-अर्कालाई प्रेम गर । तिमीहरुसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरुले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर ।"* (यूहन्ना १३:३४)

प्रेमले निर्माण गर्छ, सहयोग गर्दछ, क्षमा दिन्छ अनि खीष्टको महिमा गर्दछ। प्रेम विना हामीले चाँडै आलोचनाहरु, ईर्ष्या, रित्तो वचन, अनि डाह मात्र पाउँछौं।

प्रेमद्वारा हामीले सबै नयाँ विश्वासीहरुलाई प्रभुको कुनै न कुनै काममा, विशेष गरी उनीहरुकै परिवारहरुको माझमा सुसमाचार प्रचार गर्ने काममा, सामेल गराउनसक्छौं।



शैतानको आक्रमणलाई विरोध गर्नु

शैतानले सधैं नयाँ मण्डलीलाई आक्रमण गर्दछ। त्यसले नयाँ विश्वासीहरुलाई आलोचना र शङ्काहरुद्वारा निरासमा पार्दछ। पावलले चेताउनी दिए: *"धेरै कष्ट सहेर हामी पर मेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ।"* (प्रेरित १४:२२)

सिजरियामा भएको नयाँ मण्डलीको घट्नाअनुसार, व्यवस्थामा जोड दिने यहूदीहरुले पत्रुसले जे गरे त्यसको आलोचना गरे ।

"जब पत्रुस यरुशलेममा आए, तब खतना लिनेहरुको दलले तिनीसित यसो भन्दै तिनको आलोचना गरे, 'खतना नलिने मानिसहरुकहाँ गएर तिनीहरुसँग तपाईंले किन खानपान गर्नुभयो' ?" (प्रेरित ११:२-३)

तिनीहरुले पत्रुसलाई केको निम्ति आलोचना गरे ?

सिजरियामा भएको सबै घट्ना परमेश्वरबाट भएको हो भनी पत्रुसले यरुशलेममा भएका यहूदी विश्वासीहरुलाई बुझाइदिए ।

“प्रभु येशू खीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरुलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र ? यी कुरा सुनेपछि तिनीहरु चुप भए, र यसो भन्दै तिनीहरुले परमेश्वरको महिमा गरे, ‘अब त परमेश्वरले अन्यजातिहरुलाई पनि जीवनको निम्ति पश्चाताप दिनुभएछ’ ।” (प्रेरित ११:१७-१८)

नयाँ मण्डलीको निम्ति, कामको संयोजनको निम्ति एल्डरहरु (जिम्मेवार वयस्कहरु) छानिनुपर्छ अनि तालीम दिइनु पर्छ । पावलले यसै गरे, अनि हरेक नयाँ मण्डलीलाई यसै गर्ने आज्ञा दिए: (प्रेरित १४:२३, तीतस १:५, अनि प्रेरित ११:३०, १५:२, १ तिमोथी ५:१९, याकूब ५:१४, १ पत्रुस ५:१-४ सित तुलना गर्नोस् । नयाँ एल्डरहरुलाई तालीम दिनको लागि, तिनीहरुलाई “तालीम र वृद्धि” मा अध्ययन गर्न निमन्त्रण गर्नुहोस्



एल्डरहरुले “ब्वाँसाहरु” बाट बचाउन बगालको रक्षा गर्दछ (प्रेरित २०:१७, प्रेरित २८-३१)। “ब्वाँसाहरु” ले नयाँ मण्डलीलाई आक्रमण गर्दछ, सत्यलाई भ्रष्ट पार्दछ, सदस्यहरुलाई टाडो लैजान खोज्छ, अनि काममा विभाजन ल्याउन खोज्छ ।

एल्डरहरु छानेर तयारी पार्नुको एउटा मुख्य कारण के हो:

- संविधान तयार पार्नु ।
- ब्वाँसाहरुबाट बगाललाई सुरक्षित पार्नु ।

तपाईंको उत्तर प्रेरित २०:२८-३१ सँग तुलना गर्नोस् ।

जसै तपाईंको मण्डलीले धेरै छोरी मण्डलीहरु स्थापित गर्नेछ, तपाईंको मण्डलीमार्फत परमेश्वरले धेरै महिमा पाऊन् !

कसरी नयाँ मण्डलीहरु स्थापित गर्ने भन्ने बारेमा मण्डली स्थापनाबारे निर्देशिका (पाष्टरीय अगुवा तालीम पुस्तिका नं. ३७) मा अझ विस्तृत रुपमा व्याख्या गरिएको छ ।

सारांश जाँच

१. पत्रुसले कसरी परमेश्वरको अगुवाइ खोजे ?

☐ प्रार्थना गरेर ।

☐ यूहन्नासँग तर्क गरेर ।

२. पत्रुसले प्रार्थना गर्दा देखेको दर्शनबाट निश्चित भएर, कसरी उसले आफ्नो टीम खडा गऱ्यो ? (प्रेरित १०:२३)

☐ यरुशलेममा भएको आफ्नो आमा मण्डलीबाट सहयोग पाउँ भनी बिन्ती गरेर उसले जोप्पाबाट पत्र पठायो ।

☐ जोप्पाबाट नै केही नयाँ विश्वासीहरु उनीसित गए ।

३. पत्रुस र जोप्पाबाट आएका अरुहरुले स्थानीय मानिसहरुलाई सामेल गराउनको निम्ति के के गरे ? (प्रेरित १०:२८-२९)

☐ तिनीहरुले आफ्ना पूर्वाग्रहहरु त्यागे ।

☐ तिनीहरुले नयाँ विश्वासीहरुलाई रीतिविधिका नियमहरु हालिदिए ।

४. आफ्नो यात्रा शुरु गर्नु अघि, सिजरियामा हुन लागेको उसको सेवकाइमा ख्रीष्टको विजय स्थापित होस् भनी पत्रुसले के गरेको थियो ?

- ☐ उसले प्रार्थना गरेको थियो ।
- ☐ उसले यस प्रोजेक्टको निम्ति यरुशलेमबाट पैसा पाएको थियो ।

५. कर्नेलिय र उसको परिवार परमेश्वरसँग डराउने अनि धर्मी रहेछन् भन्ने जानेर, उनका परिवारका मुखियाहरुसित सम्पर्क राख्नलाई विश्वासीहरुले के गरे ? (प्रेरित १०:२४)

- ☐ तिनीहरुले कर्नेलियसलाई सार्वजनिक क्याम्पेनमा सहभागी हुन निमन्त्रणा दिए ।
- ☐ तिनीहरु ईश्वर-भक्त कर्नेलियसको घरमा गए, अनि उसले उसलाई भरोसा लागेका मानिसहरुलाई मात्र निमन्त्रणा दिए ।

६. कर्नेलियसको आफन्तहरु अनि नजीकका मित्रहरु सामेल भएपछि, सुसमाचार बुझाउनको लागि तिनीहरुले के गरे ? (प्रेरित १०:३४-४३)

- ☐ पत्रुसले यर्मियाको पुस्तकबाट अध्ययन गराउन थाले ।

☐ पत्रुसले येशूको मृत्यु अनि पुनरुत्थानबारेमा सिकाए, अनि ज-जसले उहाँमा विश्वास गर्दछ उसले पाप क्षमा पाउँछ भनेर बुझाइदिए ।

७. जब पत्रुसले येशूको मृत्यु र पुनरुत्थानको अर्थ बुझाइदिए, ती सुन्नेहरुलाई उनी अनि उनका साथीहरुले अरु पनि बताइरहन सकिन्छ भनेर थाहा पाए, किनकि तिनीहरुले विश्वास गरेका कुराहरुको प्रमाण उनीहरुले देखे अनि सुने ।

☐ तिनीहरुले देखे कि सिजरियामा भएको झुण्डले आत्मामा परमेश्वरको प्रशंसा गरे ।

☐ नयाँ विश्वासीहरु अघि बढिरहन्छन् कि रहँदैनन् भनेर बुझ्न उनीहरुले धेरै महीना पर्खिबसे ।

८. तिनीहरुले पर्खिनु पनि परेन अथवा "उनीहरुको खुट्टाबाट धुलो पनि झारेर" त्यो ठाउँ छोड्नु परेन, किनकि तिनीहरुले पवित्र आत्माको प्रमाण देखे । बप्तिस्मा दिएर नयाँ विश्वासीहरुलाई परमेश्वरको परिवारमा ल्याउन तिनीहरु कति बेला समर्थ बने (प्रेरित १०:४७-४८):

☐ तुरन्तै ।

☐ निकै साताहरु लाएर सिद्धान्त र दृढीकरणको लामो पाठ पढाए पछि ।

९. कति पनि ढीलो नगरी प्रेरितहरुले नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिए। यसरी उनीहरुले तुरन्तै तिनीहरुलाई खीष्टको आज्ञा पालन गर्न सिकाउन थाले। प्रेरित २:३८-४७ अनुसार प्रेरितहरुले नयाँ विश्वासीहरुसित के गरे:

- ☐ तिनीहरुले प्रभुको आज्ञा मान्नु पर्छ भन्ने कुरामा जोड नदिई तिनीहरुलाई केवल सिद्धान्त मात्र उनीहरुले सिकाइरहे।
- ☐ शुरुदेखि नै तिनीहरुले उनीहरुलाई पश्चाताप, बप्तिस्मा, प्रेम, रोटी भँचाइ, प्रार्थना र वचन अध्ययन, दिनु, शिक्षामा लागिरहनु, अनि सुसमाचार प्रचार गर्नु लगायत येशूका सम्पूर्ण आज्ञाहरु मान्नुपर्छ भनेर सिकाए।

१०. जब पत्रुसले येशूका बारेमा शिक्षा दिइरहेका थिए, ती अन्यजातिहरु (अयहूदीहरु) ले साँच्चै नयाँ जन्म पाएका छन् भनेर पत्रुस र उसका यहूदी मित्रहरुलाई निश्चयता दिलाउन एउटा घट्ना घटेको देखिन्छ। त्यो के हो ? (प्रेरित १०:४४-४६)

- ☐ कर्नेलियस, उसको परिवार अनि मित्रहरुले पवित्र आत्मा पाए अनि अन्य भाषामा बोलेर परमेश्वरको प्रशंसा गर्न थाले।

☐ तिनीहरुले कर्नेलियसलाई गमलियलको अधीनमा ईश्वरशास्त्र अध्ययन गर्नको निम्ति यरुशलेममा भएको सेमिनारीमा पठाइदिए ।

११. तनीहरुले त्यही वरदान पाए, अनि सँगसँगै मिलेर प्रभुको प्रशंसा गरे (प्रेरित २:४, १०:४४-४६, ११:१७)। प्रभुलाई भेट्नको लागि तिनीहरु आराधनामा भेला हुन्थे । प्रायः जसो गरी कसरी प्रेरितहरुले नयाँ विश्वासीहरुलाई प्रोत्साहित गर्दथे ? (१ कोरन्थी १२:४-११)

☐ तिनीहरुको आत्मिकी वरदानहरु अनुसार तिनीहरुलाई उनीहरुको सेवकाइ गर्नको निम्ति उत्प्रेरित गर्नुहोस् ।

☐ तिनीहरु सबैलाई एउटै वरदान प्रयोग गर्न बाहिर पठाए ।

१२. प्रेरित ११ अध्यायमा, पत्रुसले अन्यजातिहरुसँग जुन प्रकारले काम गरे त्यसको निम्ति पत्रुसले आलोचना भोग्नु पर्‍यो । जब मण्डलीहरु वुद्धि हुन थाल्छ अनि त्यस क्षेत्रमा बढ्न थाल्छ, शैतानले प्रतिरोध गर्न थालिहाल्छ । यसकारण तयार हुनुहोस् ! जब मण्डली स्थापना गर्नेहरुलाई शैतानले आक्रमण गर्न थाल्छ,

शैतानको प्रतिरोध गर्ने योजना तपाईंले कसरी बनाउन सक्नुहुन्छ ?

१३. नयाँ विश्वासीहरुलाई तयार पार्नको लागि पत्रुस र उसका सहकर्मीहरु केही दिन सिजरियामा बसे । प्रेरित पावलले पनि नयाँ विश्वासीहरुलाई बडो होशियारीपूर्वक निर्देशन दिने काम गर्दथे, विशेष गरी नयाँ मण्डलीहरुमा नयाँ अगुवाहरु तयार पार्नमा विशेष जोड दिन्थे । तपाईंले स्थापित गर्न सहयोग गरिरहनु भएको मण्डलीहरुमा नयाँ अगुवाहरु तयार पार्न कस्ता योजनाहरु गरिरहनु भएको छ ?

अभ्यासको काम

- तपाईंको मण्डलीलाई छोरी मण्डलीहरु स्थापित गर्न सहयोग गर्नुहोस् ।

- प्रार्थनासहित अहिले योजना बनाउनु होस् ।

- तपाईंको नजीकमा भएका कुन छिमेकीहरुको निम्ति अथवा शहरहरुमा अझसम्म मण्डली स्थापित भएको छैन ? हाम्रो क्षेत्रमा कुन सामाजिक झुण्ड अथवा जनजाति झुण्डहरुले अझसम्म सुसमाचार सुनेका छैनन् ?

_____

_____

_____

_____

- ती क्षेत्रहरु अथवा झुण्डहरुमा तपाईंद्वारा सम्पर्क गर्न सकिने मानिसहरु को को होलान् ?

- कुन क्षेत्रहरुमा तपाईंले मण्डलीहरु स्थापित गर्नु हुनेछ ? (पर्खालमा एक ठूलो म्याप बनाउनुहोस्, अनि तपाईंले काम शुरु गर्न चाहनु भएका मुख्य ठाउँहरु देखाएर चिन्ह लाउनु होस् ।)

- तपाईंले पहिलो छोरी मण्डली कहाँ शुरु गर्नु हुनेछ ?

- तपाईंलाई कसले सहयोग गर्नेछ ? (म्यापमा देखाइएको ठाउँहरुमध्ये जुन ठाउँमा तिनीहरुले सुसमाचार प्रचार गरी मण्डली स्थापनामा सहयोग गर्ने इच्छा राख्दछन्, त्यसकै छेऊमा सम्बन्धित व्यक्तिहरुले आफ्नो नाउँ लेख्न सक्नेछन् ।)

_____

_____

_____

_____

- तपाईंले त्यस ठाउँमा काम कहिले शुरु गर्नुहुनेछ ?

_____

- तपाईंको मण्डलीको अभिरुचीलाई जगाइदिनु होस्: कामको मासिक प्रगति विवरण दिनुहोस्, अनि यसको निम्ति निरन्तर प्रार्थना गर्नुहोस् ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

050NP01A-01